# मुख्यमन्त्रीका विषयमा छलफल गर्न दलको बैठक आह्वान

**धनगढी समाचारदाता**
*धनगढी, साउन २५ गते*

नेपाली कांग्रेस संसदीय दल सुदूरपश्चिम प्रदेश सभाले अल्पमतमा रहेको प्रदेश सरकारको विषयमा छलफलका लागि संसदीय दलको बैठक बोलाएको छ। नेपाली कांग्रेस संसदीय दलले साउन २७ गते दिनको २ बजे दलको बैठक बोलाएको हो। बैठकमा मुख्यमन्त्रीले राजीनामा दिने वा प्रदेश सभाबाट विश्वासको मत लिने विषयमा टुङ्गो लाग्ने नेपाली कांग्रेसका प्रदेश सभा सदस्य दिवानसिंह विष्टले जानकारी दिनुभयो।

मुख्यमन्त्रीको कुर्सी छोड्न 'काउन्टडाउन' सुरु भएको बेला मुख्यमन्त्री कमलबहादुर शाह सोमबार मात्रै शीर्ष नेताहरूसँग छलफल गरेर काठमाडौँबाट फर्किनुभएको छ। विष्टले भन्नुभयो, "मुख्यमन्त्री काठमाडौँबाट फर्किसक्नुभएकाले अब के गर्ने भन्ने विषयमा छलफल हुन्छ। यसैका लागि दलको बैठक साउन २७ गते बोलाइएको छ।"

मुख्यमन्त्री शाहले कानुनी तवरले मुख्यमन्त्रीको कुर्सी छोड्नुपर्ने मिति नजिकएको छ। तत्कालीन सहयात्री दल नेपाल कम्युनिस्ट पार्टी (नेकपा) एमालेले सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि बहुमत गुमाउनुभएका शाहले साउन २८ गते कुर्सी छोड्नुपर्ने भएको हो। बजेट विवादले पदच्युतसम्मको वातावरण


मुख्यमन्त्री कमलबहादुर शाह।

सिर्जना भएपछि गत असार ३१ गते मुख्यमन्त्री शाहले बहुमत गुमाउनुभएको थियो। मुख्यमन्त्रीले बहुमत गुमाएको साउन २८ गते एक महिना पुग्ने छ।

नेपालको संविधान अनुसार कुनै पनि राजनीतिक दलले सरकारलाई दिएको समर्थन फिर्ता लिएमा एक महिनाभित्र विश्वासको मत लिनुपर्ने प्रावधान रहेको छ। मुख्यमन्त्री कमलबहादुर शाहसँग बहुमत नरहेकाले उहाँले विश्वासको मत नलिई राजीनामा दिने सम्भावना रहेको जनाइएको छ। साउन २८ गतेसम्म शाहले विश्वासको मत लिने वा राजीनामा दिने कार्य नगरेमा त्यसपछि उहाँ स्वतः मुख्यमन्त्रीको पदबाट हट्नुहुने छ।

प्रदेशमा नेपाली कम्युनिस्ट पार्टी (नेकपा) को नेतृत्वमा नयाँ सरकार बनाउने गरी एमाले र नेकपाबिच सम्झौता भइसकेको छ। दुवै पार्टीको दलका नेताले नयाँ सरकार गठनका लागि यसअघि मुख्यमन्त्री शाहलाई भेटेरै राजीनामा दिन माग गरिसकेका छन्। यद्यपि, संविधानले दिएको एक महिना मुख्यमन्त्री रहिरहने व्यवस्थानुसार शाहले राजीनामा नदिई एक महिना नै बिताउनुभएको छ।

यसअघि नेकपाको संसदीय दलले नयाँ सरकार गठनको मार्ग प्रशस्त गर्नका लागि मुख्यमन्त्रीको राजीनामा माग्ने निर्णय गरेको थियो तर मुख्यमन्त्रीले संविधान अनुसार नै अगाडि बढ्ने जिकिर गर्दै राजीनामा दिन अस्वीकार गर्नुभएको थियो। मुख्यमन्त्रीले राजीनामा नदिँदा नयाँ सरकार गठनमा ढिलाइ भइरहेको प्रतिपक्षी दलका प्रदेश सभा सदस्यले बताएका छन्। बजेट पारित हुन नसकी प्रदेशमा बजेट 'होली डे' रहेको बेला मुख्यमन्त्रीले राजीनामा दिएर मार्ग प्रशस्त गर्नुपर्ने प्रतिपक्षीहरूले जिकिर गर्दै आएका छन्।

यसअघि प्रदेश सभामा सबैभन्दा ठुलो दलका रूपमा रहेको नेपाली कांग्रेस १८ सदस्यसहित दोस्रो ठुलो दल बनेको छ। २२ मध्ये २० प्रदेश सभा सदस्यसहित नेकपा सबैभन्दा ठुलो दल बनेको छ। एमालेको ११ जना प्रदेश सदस्य रहेका छन्। सुदूरपश्चिम प्रदेशमा बहुमत पुर्‍याउन २७ जनाको समर्थन आवश्यक पर्छ।

# विद्यालयमा छात्राको सङ्ख्या बढ्दो

**बाजुरा समाचारदाता**
*बाजुरा, साउन २५ गते*

बाजुराका विद्यालयमा छात्रभन्दा छात्राको सङ्ख्या बढ्न थालेको छ। केही वर्षपहिला यहाँका विद्यालयमा छात्रा कम र छात्र बढी हुने गरेका थिए भने अहिले छात्राको सङ्ख्या बढ्न थालेको हो।

पछिल्लो समय यहाँका छोरा मान्छे बिचमै पढाइ छाडेर कामका लागि भारत जान थालेपछि विद्यालयमा पनि छात्राकै सङ्ख्या बढी देखिन थालेको हो। बुढीगङ्गा नगरपालिका–२ मा रहेको वसन्त आवासीय माध्यमिक विद्यालयका प्रधानाध्यापक बहादुर थापा भन्नुहुन्छ, "यहाँका अभिभावकले छोरालाई निजी र छोरीलाई सामुदायिक विद्यालयमा पढाउने गरेकाले पनि पछिल्लो समय सामुदायिक विद्यालयमा छात्रभन्दा छात्राको सङ्ख्या बढ्दै गएको देखिन्छ।"

उहाँका अनुसार चालु शैक्षिक सत्रको नयाँ भर्नामा यहाँ ७० जना बालबालिका भर्ना भएका थिए। त्यसमध्ये छात्र २८ र छात्रा ४२ जना थिए।

त्यसै गरी गौमूल गाउँपालिकाको कीर्तिचौर माविका प्रधानाध्यापक मनबहादुर बडुवालले पनि छात्रभन्दा छात्राको सङ्ख्या बढी रहेको बताउनभुयो। उहाँले भन्नुभयो, "घरको आर्थिक अवस्था कमजोर भएका कारण केटाहरू बिचमै पढाइ छाडेर भारत जाने गरेकाले पनि यहाँ छात्रभन्दा छात्राको सङ्ख्या बढी हुने गर्छ।" यस विद्यालयमा शैक्षिक सत्र २०८३ को नयाँ भर्नामा ५१३ जना विद्यार्थी भर्ना भएका छन्। त्यसमा २५३ छात्र र २६० छात्रा रहेको प्रधानाध्यापक बडुवालले बताउनुभयो।

## कार्यालयबिच तादात्म्य अभाव
# खानेपानीको बक्यौता त्रिहत्तर लाखभन्दा बढी

**बेलौरी समाचारदाता**
*बेलौरी (कञ्चनपुर), साउन २५ गते*

नेपाल खानेपानी संस्थान शाखा कार्यालय महेन्द्रनगरले ७३ लाख २८ हजार ४०६ रुपियाँ खानेपानी महसुल असुल गर्न सकेको छैन। नियमित खानेपानी प्रयोग गर्दै आएका यहाँका सरकारी कार्यालय, गैरसरकारी सङ्घ, संस्था, सर्वसाधारण उपभोक्ताले बर्सौंदेखि महसुल नबुझाएकै कारण बक्यौता रकम बढ्दै गएको हो।

चार हजार ३१५ ग्राहक रहेका खानेपानी संस्थान शाखा कार्यालय महेन्द्रनगरमा एक हजार ४४२ ग्राहकले महसुल तिरेका छैनन्। गत आर्थिक वर्ष २०८२/८३ को असार मसान्तसम्म संस्थानले एक हजार ४२२ निजी र २० सरकारी कार्यालयबाट महसुल उठाउन बाँकी छ।

सरकारी कार्यालयले समेत महसुल बुझाउन आलटाल गर्दा बक्यौता रकम बढ्दै गएको सूचना अधिकारी धर्मराज पाण्डेले बताउनुभयो। उहाँका अनुसार, महेन्द्रनगर नगर विकास समितिले विभिन्न स्थानमा जडान गरेका आठ वटा धाराको एक लाख ६१३ रुपियाँ बुझाउन बाँकी छ। त्यसै गरेर जिल्ला खेलकुद विकास समितिको एक लाख १६ हजार ७७३ रुपियाँ, पौष्टिक आहार कार्यालयको एक लाख आठ हजार, कारागार शाखाको ९२ हजार, रेडक्रसबाट ९९ हजार ४०७ रुपियाँ महसुल असुल गर्न बाँकी छ। त्यसै गरेर भीमदत्त नगरपालिका युनिटी टोलमा जडान गरिएको धाराको ५७ हजार छ सय, नेपाल बाल सङ्गठनको ३५ हजार ५४०, नेपाल कम्युनिस्ट पार्टी (नेकपा) एमाले पार्टी कार्यालयको ४२ हजार ९६० बक्यौता पुगेको छ।

यहाँका २० सरकारी कार्यालयबाट १३ लाख ५४ हजार खानेपानी महसुल असुल गर्न बाँकी रहेको छ। त्यसै गरी एक हजार ४२२ निजी उपभोक्ताबाट ५९ लाख ७५ हजार रुपियाँ महसुल उठ्न सकेको छैन।

खानेपानीको महसुल तिर्नका लागि पटक पटक ताकिता गरे पनि यहाँस्थित सरकारी, गैरसरकारी सङ्घ, संस्था तथा उपभोक्ताले महसुल बुझाउन अटेरी गर्दा बक्यौता रकम बढ्दै गएको सूचना अधिकारी पाण्डेको भनाइ छ। उहाँ भन्नुहुन्छ, "समयमै खानेपानीको महसुल बुझाउन उनीहरूलाई भेटेरै पनि आग्रह गर्ने गरिएको छ।"

पटक पटक खानेपानी महसुल बुझाउन आग्रह गरेर पनि अटेर गरी महसुल नबुझाई बस्नेको लाइन काट्दै आएको कार्यालयले जनाएको छ। सूचना अधिकारी पाण्डेका अनुसार, गत आवको अन्तिमसम्म १३ धाराको लाइन काटिएको थियो।


तस्बिर : भवानीदत्त भट्ट
नेपाल खानेपानी संस्थान शाखा कार्यालय महेन्द्रनगर।

बक्यौता बुझाएपछि मात्र लाइन जडान गर्ने गरिएको छ।

केहीले नयाँ धारा जडान गर्ने गरेको उहाँले बताउनुभयो। बर्सौंदेखि महसुल बुझाउन बाँकी रहेकाको हकमा भने सरकारले विशेष व्यवस्था गर्नुपर्ने सूचना अधिकारी पाण्डेको भनाइ छ।

### सरकारी कार्यालयबिच तादात्म्य नहुँदा बढ्दै बक्यौता

यहाँका सरकारी कार्यालयबिच तादात्म्य नहुँदा त्यसको फाइदा महसुल नबुझाउने उपभोक्ताले उठाउँदै आएका छन्। भूमि प्रशासन कार्यालय, नापी कार्यालयले जमिन किनबेच, नामसारी, राजस्व बुझाउने क्रममा खानेपानी महसुल, विद्युत् महसुल बुझाएको/नबुझाएको यकिन गरिदिए खानेपानी महसुल असुल गर्न सहज हुने पाण्डेको भनाइ छ।

वडा कार्यालय, नगरपालिकाले पनि नयाँ खानेपानीको धारा जडानका लागि सिफारिस गर्दा पुरानो बक्यौता असुल भए/नभएको यकिन नगर्दा बर्सौंदेखि खानेपानीको प्रयोग गरेर जमिन घर बिक्री गरेका उपभोक्ताबाट महसुल असुल्न चुनौती थपिएको उहाँको भनाइ छ।

संस्थानको सहजताका लागि जग्गा कारोबार गर्दा महसुल बुझाएको/नबुझाएको हेर्न सकिने भए पनि कानुनी व्यवस्था नहुँदा वास्ता नगरिएको भूमिसुधार कार्यालय कञ्चनपुरका सूचना अधिकारी नन्दराज भट्ट बताउँछन्। संस्थानले गत आवमा २६ लाख ८४ हजार ५३० रुपियाँ बक्यौता असुल गरेको थियो।

# भन्सारमा कडाइ सीमानाका सुनसान

**खलङ्गा समाचारदाता**
*खलङ्गा (दार्चुला), साउन २५ गते*

सरकारले भारतबाट किनमेल गरी नेपाल ल्याइने सामानमा कडाइका साथ भन्सार शुल्क लागु गरेपछि सीमावर्ती क्षेत्रका नागरिक मर्कामा परेका छन् भने सीमानाकामा हुने चहलपहल पनि विगतको तुलनामा निकै घटेको छ।

खास गरेर सीमावर्ती बजार धारचुलाबाट दैनिक उपभोग्य वस्तु ल्याउने नेपाली नागरिकलाई सास्ती भइरहेको यहाँका उपभोक्ताले गुनासो गरेका छन्। नेपाली बजारमाभन्दा सीमावर्ती भारतीय बजारमा दैनिक उपभोग्य वस्तु सस्तो पाइने भन्दै यहाँका नागरिक भारतीय बजार धारचुला गएर किनमेल गर्ने गर्छन्। स्थानीयले घरका लागि भारतीय बजारबाट खरिद गरेर ल्याएका दैनिक उपभोग्य सामानमा पाँच सय रुपियाँभन्दा बढी भएमा भन्सार शुल्क लिन थालेपछि भन्सार कार्यालयको चौतर्फी विरोध भइरहेको छ।

यसअघि घरायसी सामान खरिद गर्न सीमावर्ती भारतीय बजार पुग्ने स्थानीयले पाँच सय रुपियाँभन्दा बढी मूल्यका सामानमा कर तिर्नुपर्ने व्यवस्थापछि मारमा परेको गुनासो गरेका छन्। नेपाली भन्सारमा कडाइपछि गरिएसँगै भारततर्फको धारचुला बजारसमेत सुस्ताएको स्थानीय व्यापारी बताउँछन्। नेपाली बजारको तुलनामा भारतीय बजारमा सामान सस्तो पाइने भएकाले सीमावर्ती बासिन्दा दैनिक उपभोग्य सामग्री खरिदका लागि त्यहाँ जाने गरेको स्थानीय धनसिंह फर्सवानले बताउनुभयो।

भारतबाट सामान ल्याउँदा भन्सार तिर्नुपर्ने भएपछि स्थानीय उपभोक्ताले स्वदेशी बजारलाई नै प्राथमिकता दिन थालेका छन्। दैनिक उपभोग्य वस्तु, तरकारी, फलफूल तथा खाद्यान्न खरिदका लागि स्थानीय भारतीय बजारभन्दा नेपाली बजारमै निर्भर हुन थालेका छन्। भन्सारमा गरिएको कडाइसँगै राजस्व सङ्कलनमा भने वृद्धि भएको छ। भन्सार कार्यालय दार्चुलाका कार्यालय प्रमुख दिनेशसिंह धामीका अनुसार अहिले दैनिक २६ हजार रुपियाँभन्दा बढीको राजस्व सङ्कलन भइरहेको छ। सरकारले पाँच सय रुपियाँभन्दा बढीको सामान खरिदमा अनिवार्य भन्सार उठाउन निर्देशन दिएपछि भन्सार सङ्कलनमा कडाइ गरिएको हो।

# ग्यास आपूर्ति सहज बनाउन बजार अनुगमन


तस्बिर : केशवराज भट्ट
ग्यास आपूर्ति सहज बनाउन बैतडीमा बजार अनुगमन गर्दै प्रमुख जिल्ला अधिकारीसहितको टोली।

**वासुलिङ समाचारदाता**
*वासुलिङ (बैतडी), साउन २५ गते*

बैतडीमा खाना पकाउने ग्यासको आपूर्ति सहज बनाउन बजार अनुगमन थालिएको छ। जिल्लाका मुख्य बजारमा ग्यासको उपलब्धता र बिक्री अवस्थाबारे जानकारी लिनुका साथै कृत्रिम अभाव हुन नदिन जिल्ला प्रशासन कार्यालयले अनुगमन थालेको हो।

जिल्लाका प्रमुख बजारमा ग्यास बिक्री गर्ने पसलमा अनुगमन गरेर मौज्दात र बिक्री अवस्थाबारे जानकारी लिने काम भइरहेको जिल्ला प्रशासन कार्यालय बैतडीका प्रशासकीय अधिकृत भोजलाल थारूले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "जिल्ला प्रशासन कार्यालयबाट बजारमा ग्यासको उपलब्धताका विषयमा हेरिरहेका छौँ। बैतडीका मुख्य बजारमा अहिले ग्यासको अभाव छैन। ग्यासको सहज उपलब्धताका विषयमा व्यापारीसँग छलफल पनि गरिरहेका छौँ।"

उहाँका अनुसार गोठलापानी, देहीमाण्डौँ, मुस्याचौर, सतबाँझ, सिल्लेगडा, खोचलेक, पाटनलगायतका बजारमा ग्यास बिक्री गर्ने पसलको अनुगमन गर्दा ग्यास उपलब्ध पर्याप्त छ।

देशका विभिन्न ठाउँमा ग्यास नपाएको गुनासो आउन थालेपछि बैतडीमा पनि आपूर्ति व्यवस्थालाई सहज र नियमित राख्न प्रशासनले निगरानी बढाएको हो। ग्यासको सिलिन्डर लुकाउने, कृत्रिम अभाव सिर्जना गर्ने वा अभावको बहानामा मूल्य बढाउने जस्ता गतिविधि हुन नदिन व्यापारीसँग समेत छलफल गरिएको प्रशासनले जनाएको छ।

प्रमुख जिल्ला अधिकारी डा. डिजन भट्टराईको नेतृत्वमा रहेको अनुगमन टोलीले बजार अनुगमन गरिरहेको छ। ग्यास बिक्री गर्ने पसलसँगै खाद्यान्न पसल, मेडिकललगायतका व्यवसायको पनि अनुगमन भइरहेको प्रशासकीय अधिकृत थारूले बताउनुभयो। चाडपर्वसमेत नजिकिँदै गएकाले बजारमा उपभोग्य वस्तुको आपूर्ति, मूल्य र गुणस्तरमा समस्या हुन नदिन अनुगमनलाई निरन्तरता दिइने जिल्ला प्रशासन कार्यालयले जनाएको छ। प्रशासनले बजारमा कृत्रिम अभाव, कालोबजारी, मूल्यवृद्धि तथा उपभोक्ता ठगी हुन नदिन व्यापारीलाई सचेत गराउँदै आएको छ।

**दार्चुला समाचारदाता**का अनुसार दार्चुलामा पनि ग्यासको आपूर्ति सहज बनाउन प्रमुख जिल्ला अधिकारी वर्तराज पौडेलले ग्यास व्यवसायीलाई निर्देशन दिनुभएको छ। विक्रेताहरूले कृत्रिम अभाव सिर्जना गर्ने गरेको कारण ग्यास अभाव भएको उपभोक्ताबाट गुनासो आएको भन्दै उहाँले ग्यासको आपूर्ति तथा बिक्रीवितरणलाई सहज, व्यवस्थित र पारदर्शी बनाउन विक्रेता तथा सप्लायर्सलाई निर्देशन दिनुभएको हो। उपभोक्ताको आवश्यकताका आधारमा समन्वयात्मक हिसाबले बिक्रीवितरण गर्न एवं विवरण दुरुस्त राख्न उहाँले निर्देशन दिनुभएको सहायक प्रमुख जिल्ला अधिकारी मोहनसिंह धामीले जानकारी दिनुभयो।

प्रजिअ पौडेलले उपभोक्तालाई आवश्यकताभन्दा बढी ग्यास भण्डारण नगर्न आग्रह गर्नुभएको छ। अनुगमनका क्रममा अधिकांश डिलरमा उद्योगबाट नियमित रूपमा ग्यास आपूर्ति भइरहेको पाइएको उहाँले जानकारी दिनुभयो। जिल्लामा ग्यासको वितरण प्रणालीलाई थप व्यवस्थित र पारदर्शी बनाउनुपर्ने आवश्यकता देखिएको अनुगमन टोलीको निष्कर्ष रहेको छ। यहाँका ११ वटा ग्यास डिलर तथा सप्लायर्समा गरिएको अनुगमनका क्रममा ५०४ थान ग्यास सिलिन्डर मौज्दात रहेको पाइएको सहायक प्रजिअ धामीले बताउनुभयो।

उहाँले ग्यासको सहज आपूर्ति नभएमा तथा समस्या देखिएमा जिल्ला प्रशासन कार्यालयमा सम्पर्क गर्न आमउपभोक्तालाई अनुरोध गर्नुभएको छ। भएको ग्यास लुकाएर कृत्रिम अभाव सिर्जना गर्ने, तोकिएको मूल्यभन्दा बढी रकम लिई बिक्रीवितरण गरेको पाइएमा विक्रेतालाई प्रचलित कानुनबमोजिम कारबाही गरिने उहाँको भनाइ छ। यहाँको सदरमुकाम खलङ्गा, गोकुलेश्वर बजार, मार्मा, दुहुँ, नौगाड, व्यासलगायतका क्षेत्रमा ग्यासको बिक्री वितरण भइरहेको छ। यहाँ धनगढी र नेपालगन्जबाट ग्यास आपूर्ति भइरहेको छ।

# जग्गाधनी पुर्जा वितरण अन्तिम चरणमा

**घोडाघोडी समाचारदाता**
*घोडाघोडी (कैलाली), साउन २५ गते*

कैलालीको लम्कीचुहा नगरपालिकाले अव्यवस्थित बसोबासीलाई जग्गाधनी दर्ता पुर्जा वितरण गर्ने प्रक्रिया अघि बढाएको छ। नगरपालिकाको वडा नम्बर १ स्थित बसपार्क क्षेत्र र वडा नम्बर ४ को भल्का क्षेत्रका करिब पाँच सय अव्यवस्थित बसोबासीको लालपुर्जा वितरणसम्बन्धी काम अन्तिम चरणमा पुगेको छ।

लम्कीचुहा नगरपालिका भूमि सेवा केन्द्रका संयोजक वीरेन्द्र शाहीका अनुसार जेनजी आन्दोलनअघि नै नगरपालिकाबाट गर्नुपर्ने सम्पूर्ण प्रक्रिया पूरा गरेर ५५ जनाको फाइल राजस्व निर्धारणका लागि जिल्लामा पठाइएको थियो। २०८२ भदौ २३ गते भएको जेनजी आन्दोलनपछि प्रक्रिया रोकिएको थियो। उहाँले हाल केन्द्रदेखि जिल्लासम्म नयाँ संयन्त्रलाई जिम्मेवारी तोकेर काम पुनः सुरु गरिएपछि प्रक्रियामा रहेका फाइललाई समेत अघि बढाइएको बताउनुभयो।

उहाँका अनुसार भूमिहीन दलित, भूमिहीन सुकुमवासी तथा अव्यवस्थित बसोबासीको पहिचान, प्रमाणीकरणको आधार र मापदण्ड २०८३ को अनुसूची १ र २ तथा भूमिहीन दलित, भूमिहीन सुकुमवासी तथा अव्यवस्थित बसोबासीको लगत सङ्कलनसम्बन्धी कार्यविधि २०८३, को दफा ७ को उपदफा ३ (छ) मा उल्लेखितबमोजिमका कागजातसहितको विवरण स्थानीय भूमि शाखामा प्रमाणीकरण भइरहेको छ। अपुग कागजात सूचना जारी गरेर सङ्कलन भइरहेको उल्लेख गर्दै उहाँले प्रमाणीकरण सकिनेबित्तिकै भूमि समस्या समाधान समिति कैलालीमा पठाउने बताउनुभयो।

प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा भूमि समस्या समाधान समिति रहेको छ। जसको सदस्यसचिव नापी कार्यालय प्रमुख रहने व्यवस्था छ। समितिले स्थानीय तहबाट पठाइएका फाइल अध्ययन गरेर राजस्व निर्धारण गर्ने तयारी गरेको छ।


फाइल तस्बिर : चाँदनी आचार्य
कैलालीको लम्कीमा बादी समुदायले जग्गाधनी प्रमाणपुर्जा पाउँदाको क्षण।

जिल्ला प्रशासन कार्यालय कैलालीका प्रमुख जिल्ला अधिकारी तथा समितिका संयोजक हिरालाल रेग्मीले लम्कीचुहाबाट सुरुमा २५५ वटा अव्यवस्थित बसोबासीसम्बन्धी फाइल पहिला आए पनि केही समय काम रोकिएका कारण प्रक्रियामा रहेकाले बाँकी फाइल आएपछि ४९६ वटा फाइलको काम एकै पटक अघि बढाइने बताउनुभयो।

लम्कीचुहा नगरपालिकामा भूमिहीन दलित, अव्यवस्थित बसोबासी तथा सुकुमवासी गरेर १८ हजारभन्दा बढीले लालपुर्जाका लागि फाराम भरेका छन्। तीमध्ये १३९ भूमिहीन दलितले यसअघि नै रातो लालपुर्जा प्राप्त गरिसकेका छन्। लालपुर्जा प्राप्त गर्नेमा वडा नम्बर १ का नौ जना र वडा नम्बर ३ बलचौरका १३० जना बादी समुदायका रहेका छन्। भूमि समस्या समाधान केन्द्रीय समितिका अनुसार हालसम्म देशभर नौ हजार ९३७ वटा जग्गाधनी प्रमाणपुर्जा वितरण गरिएको छ। जसमध्ये २०८३ सालयता १०९ जनाले प्रमाणपुर्जा लिएको समितिले उल्लेख गरेको तथ्याङ्कमा रहेको छ।

**ब्रह्मपुरी गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय
ब्रह्मपुरी, सर्लाही, मधेश प्रदेश

**दरभाउपत्र स्वीकृत गर्ने आशयको ३ दिने सूचना**

प्रथम पटक प्रकाशित सूचना मिति : २०८३।०४।२६ गते

यस कार्यालयको मिति २०८३।०३।२५ गते प्रकाशित सूचना अनुसार पर्न आएको सिलबन्दी दरभाउपत्रहरूको मूल्याङ्कनबाट सारभूत रूपमा प्रभावग्राही देखिन आएको सिलबन्दी दरभाउपत्रहरूमध्ये न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित सबैमा जानकारीका लागि यो ३ दिने आशय पत्र प्रकाशित गरिएको छ।

| दरभाउपत्र नं. | दरभाउपत्र दाताको नाम र ठेगाना | आयोजनाको नाम | कबोल अङ्क प्रति दिन |
|---|---|---|---|
| १५–२०८२/०८३ | श्री विनय कुमार साह ब्रह्मपुरी–०२, सर्लाही | चार पाङ्ग्रे सवारीसाधन भाडामा लिने। | ४,९००/– |

प्रमुख प्रकाशकीय अधिकृत

राष्ट्रको सञ्चार
Nepal Telecom

**Nepal Telecom**
Information Technology Directorate
Jawalakhel, Lalitpur, Nepal

**Notice for Opening of Price Bids**
(Date of Publication August 11, 2026)

This is to notify all the concerned that the following bidders are found to be substantially responsive in Technical Bid Evaluation for the below mentioned IFB. So, in accordance with the provision of the bid document, the bidders shortlisted below are invited for the opening of Price Bid:

| Description | Substantially Responsive Bidders in Technical Bid Evaluation | Price Bid Opening Venue, Date & Time |
|---|---|---|
| IFB No: **NDCL/ITD/NCB/07/082-83 for Supply and Delivery of All- in- One (AIO) Desktop Computers** | 1. M/s Megatech Group Pvt. Ltd., Lalitpur, Nepal 2. A.I Visual J.V., Kathmandu, Nepal | Information Technology Directorate, Jawalakhel, Lalitpur Date: August 20, 2026 Time: 1:00 PM |

**Kathmandu Metropolitan City**
यें महानगरपालिका
Office of the Municipal Executive
Kathmandu Plaza, Kamaladi, Kathmandu

**Notice for Opening of Financial Proposal**

Date of Publication: 2083-04-26 (नेपाल संवत् ११४६ दिल्लागा चतुर्दशी)
This is to notify all the qualified bidder for the opening of financial proposal as per schedule mentioned below:

| IFB No. | Description of work | Financial Proposal Opening Date and Time | Qualified Bidders |
|---|---|---|---|
| 27-44-082-83-NCBG-KMC | Supply and Installation of Different Genuine License at KMC | 2083-05-03 14:00 hours 2026-08-19 | 1. Namaste Infotech Pvt. Ltd. |

Procurement Unit

**नेपाल प्रज्ञा-प्रतिष्ठान**
कमलादी, काठमाडौँ।

**मौजुदा सूची दर्ता/अद्यावधिक गर्नेबारे**

मिति : २०८३।०४।२६

आ.व. २०८३/०८४ मा नेपाल प्रज्ञा–प्रतिष्ठानमा आवश्यक परेको अवस्थामा विभिन्न मालसामान, निर्माण कार्य, परामर्श सेवा, मर्मत कार्य, खानेपानी, मेसिन मर्मत जस्ता सेवाहरू प्राप्त गर्ने प्रयोजनार्थ मौजुदा सूची दर्ता तथा अद्यावधिकका लागि आवश्यक कागजात संलग्न गरी सार्वजनिक खरिद नियमावली २०६४ को अनुसूची २ 'क' मा तोकिएको ढाँचामा कार्यालय समयभित्र निवेदन पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

राष्ट्रिय वाणिज्य बैंक
RASTRIYA BANIJYA BANK
नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था

**राष्ट्रिय वाणिज्य बैंक लि.**
शाखा कार्यालय, गुल्मी (३०१)

**निक्षेप उपर हकदाबी सम्बन्धी ३५ दिने सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८३।४।२६

गुल्मी जिल्ला, रेसुङ्गा न.पा. वडा नं. १४ (साविक : पराल्मी वडा नं. ६, गुल्मी) बस्ने श्री मित्रलाल पाण्डेको नाति, श्री राम प्रसाद पाण्डेको छोरा, श्री धनिश्वर पाण्डेको रेसुङ्गा नगरपालिका वडा नं. १४ को मृत्यु दर्ता प्रमाणपत्रको दर्ता नम्बर २०३१०५१५०८९१२–२ अनुसार मिति २०८३।०३।२१ मा मृत्यु भएको र यस बैंकमा रहेको निजको बचत खाता ३०१०१००००९५०११२ को रकम भुक्तानी पाऊँ भनी रेसुङ्गा न.पा. वडा नं. १४ (साविक पराल्मी वडा नं. ६, गुल्मी) बस्ने पत्नी नाता पर्ने श्रीमती ढाल कुमारी पाण्डेले मिति २०८३।०४।२१ मा निवेदन पेश गर्नु भएको हुँदा निज खातावालाको नाममा यस बैंकमा रहेको रकममा कसैको हकदाबी लाग्ने भए बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवालाहरूले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले बाटाको म्याद बाहेक ३५ दिनभित्र आफ्नो सबुत प्रमाणसहित यस शाखा कार्यालयमा हकदाबी गर्न आउनुहोला। सो म्यादभित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम भइजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लिखित म्यादभित्र हकदाबी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने समेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**काठमाडौँ महानगरपालिका**
यें महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खरिद एकाइ
काठमाडौँ प्लाजा, कमलादी, काठमाडौँ

**Bid Addendum Notice**

प्रकाशित मिति : २०८३/०४/२६ (नेपाल संवत् ११४६, दिल्लागा, चतुर्दशी)

| Bid Addendum Notice |
|---|
| Contract Identification No.: 34-54-082-83-NCBG-KMC Name of Procurement: Supply, Delivery, Installation, and Fabrication of Retroreflective HIP Traffic Signs for Major Road Sections within KMC |
| The addendum document can be viewed and downloaded directly from the PPMO e-GP portal: https://bolpatra.gov.np/egp |

खरिद एकाइ